१७ औँ प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०७ ॥ २०८२ जेठ १२ गते सोमबार (26th May 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# राजावादीहरूको खुलेर प्रतिवाद गर्न ओलीको आदेश

झापा(प्रस) । प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्ना कार्यकर्ताहरूलाई जेठ १५ गते राजधानी काठमाडौँलाई एमालेको नियन्त्रणमा राख्न निर्देशन दिएका छन्।आइतवार नेकपा (एमाले) बागमती प्रदेश कमिटीद्वारा आयोजित वडाध्यक्षहरूको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो निर्देशन दिएका हुन्। वडाध्यक्षहरूलाई प्रशिक्षणमा ध्यान दिन र त्यसपछि १५ गतेको कार्यक्रममा पूर्णरूपमा समर्पित हुन निर्देशन उनले निर्देशन दिए। उनले राजावादीहरूको खुलेर प्रतिवाद गर्न आदेश दिए। उनले राजावादीहरूले राजा प्राणभन्दा प्यारो छ भनेर नाराबाजी गर्ने गरेको उल्लेख गर्दै वीरेन्द्रलाई हत्या गरेर मार्दा कहाँ गएका थिए ? भन्दै प्रश्न गरे। ओलीले भने, 'म साथीहरूलाई भन्न चाहन्छु, १५ गतेका लागि यहाँबाट भोलि उठ्नेबित्तिकै तयारी थाल्नुस्। १५




गते के के गर्नुपर्छ भन्ने कुरा पार्टीले भन्छ। तपाईंहरू जस्तो जे गर्नुपर्छ तयारी अवस्थामा बस्नुहोला। जति वेलासम्म प्रशिक्षण चल्छ प्रशिक्षणमा ध्यान दिनुस्। प्रशिक्षण सिद्धिएपछि १५ गतेमा ध्यान दिनुस्। १५ गते ११ बजेदेखि २ बजेसम्म काठमाडौँमा नेकपा एमालेको नियन्त्रण हुनुपर्छ।' राजावादीहरूले जनता र सरकार मौन बसेको अवस्थाको फाइदा लिएर अनावश्यक फुर्ती देखाएको उनको टिप्पणी छ।

**झापाबाट आन्दोलनकारीहरु जान थाले**

जेठ १५ गतेको आन्दोलनका लागि झापाबाट राप्रपाका कार्यकर्ताहरु राजधानी जान थालेका छन् । आइतवार करिव सयजना युवा कार्यकर्ता राजधानी गएको राप्रपाका जिल्ला अध्यक्ष केशव ओझाले बताए । अध्यक्षसंग युवाहरुको साक्षात्कार कार्यक्रम सोमवार राखिएकाले त्यस कार्यक्रमलाई समेत लक्षित गरी आइतवार नै युवाहरु राजधानीतर्फ गएको उनले जानकारी दिए । जेठ १५ गतेका लागि झापाबाट करिव ३ हजारको संख्यामा जाने उनले दावी गरेका छन् ।

# पूर्व राजा शाह झापामा

झापा(प्रस)। राजावादीहरुले यही जेठ १५ गतेदेखि अनिश्चितकालीन आन्दोलन गर्ने तयारी गरिरहेका बेला पूर्व राजा ज्ञानेन्द्र शाह आइतवार साँझ झापा आइपुगेका छन् । पूर्व राजा ज्ञानेन्द्र शाह ,भतिजी सिताष्मा शाह, छोरी प्रेरणा शाहसहित झापा आइपुगेका हुन् । साँझ ५.३० बजे चन्द्रगढी बिमानस्थलमा अवतरण गरी उनी बा २१ च ७३१८ नं को गाडीबाट दमक प्रस्थान गरेका छन् । पूर्व राजा शाहको स्वागतको लागि केही समर्थकहरु विमानस्थल पुगेका थिए । स्वागतका लागि धेरैजनालाई खबर नगरिएको बताइएको छ । स्वागतका लागि




आफूलाई नबोलाएको राजसंस्था पुनर्स्थापना समितिका संयोजक टेकनारायण राजवंशीले बताए । उनी दुई हप्ते बसाइँका लागि झापा आएका हुन् । दमक ९ स्थित हिमालयन महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा बस्ने भएका छन् । उनी जेठ २५ गतेसम्म झापामा रहने बुझिएको छ ।

पूर्व राजा शाहले दमकमा बसेर राजनीतिक भेटघाट गर्दै आएका छन् । राप्रपालगायतका राजावादी शक्तिहरुले जेठ १५ देखि अनिश्चितकालीन आन्दोलनको तयारी गरिरहेका बेला पूर्व राजा झापा आउनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

# राजावादीहरुको आन्दोलनमा नजान अपिल

झापा(प्रस) । ९ वर्षअघि झापाका चर्चहरुमा बम विष्फोट गराएको आरोपमा पक्राउ परेका राष्ट्रिय संयुक्त मोर्चाका अध्यक्ष रामचन्द्र बानियाँले राजावादीहरुको आन्दोलनमा नजान अपिल गरेका छन् । यही जेठ १५ गतेदेखि राजधानीमा राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका राजावादी शक्तिहरुले अनिश्चितकालीन आन्दोलन गर्न लागेका बेला बानियाँले सो आन्दोलनमा नजान अपिल गरेका हुन् ।

आइतवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी बानियाँले मण्डलेहरु आफूलाई बाहेक अरुलाई उठ्नै नदिने र जनविद्रोहलाई



आफ्नो स्वार्थी प्रपञ्चको शिकार बनाउने गतिविधि गरेकाले विरोध गरेको भन्दै १५ गतेबाट घोषित आन्दोलनमा नजान अपिल गरेका हुन् । उनले सडकमा विद्रोह गरिरहेका देशभक्त ,बामपन्थी ,प्रजातन्त्रवादी र राष्ट्रवादी दलहरुले एक वृहत मोर्चा बनाई शान्तिपूर्ण जनआन्दोलनको तयारीलाई समर्थन गर्न आव्हान गरेका छन् ।

२०७३ सालमा झापाका चर्चहरुमा बम विष्फोट गराएको आरोपमा बानियाँसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको थियो । पक्राउ पर्ने अन्यमा कटहरी-१ मोरङका ५१ वर्षीय राम भण्डारी र बिर्तामोड-७ का ५६ वर्षीय कृष्ण चुडाल रहेका थिए ।

भण्डारी हिन्दु मोर्चा नेपालका सैन्य कमान्डर थिए भने चुडाल राष्ट्रिय हिन्दु धार्मिक मञ्च पूर्व संयोजक र बानियाँ राष्ट्रिय संयुक्त धार्मिक मञ्च झापाका अध्यक्ष थिए ।त्यसबेला दमक, गौरादह, खजुरगाछी, सुरुंगाको चर्चमा बम बिस्फोट भएको थियो । बानियाँ गत २०७९ को संघीय निर्वाचनमा झापा क्षेत्र नं ५ बाट स्वतन्त्र उम्मेद्वार बनेका थिए । ट्राफिक प्रहरी चुनाव चिन्ह लिएर उठेका बानियाँले ५७ मत पाएका थिए ।

# पत्रकार महासंघद्वारा १५ वटै स्थानीय तहमा ज्ञापनपत्र



बिर्तामोड(प्रस) । नेपाल पत्रकार महासंघ झापाले १५ वटै पालिकामा ज्ञापनपत्र बुझाउने अभियान शुरु गरेको छ। महासंघ झापाले सात बुँदे मागसहित झापाका १५ वटै स्थानीय तहहरुमा ज्ञापनपत्र बुझाउने भएको छ । यसैक्रममा आइतवार बिर्तामोड नगरपालिकामा महासंघले ज्ञापनपत्र बुझाएको हो ।

महासंघका अध्यक्ष एकराज गिरीको नेतृत्वमा बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतरा प्रसाईलाई आइतवार ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्र वाचन महासंघका उपाध्यक्ष सुव्रत न्यौपानेले गरेको कार्यक्रमको सहजीकरण सचिव राजु पाठकले गरेका थिए ।

अध्यक्ष गिरीले नगर प्रमुख प्रसाईलाई सात बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझ्दै नगर प्रमुख प्रसाईले नगरको स्रोत र साधनले भ्याएसम्म सञ्चार क्षेत्र तथा सञ्चार माध्यमलाई सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरेकी छन् ।

महासंघले पालिकामा सञ्चार सम्बन्धी आवश्यक नीति तथा सबै कानूनहरु सञ्चारमैत्री रुपमा निर्माण गरी एक वर्षभित्रमा कार्यान्वयन गर्नुपर्ने, सञ्चारमाध्यमहरुको संरक्षण, सञ्चालन र विकासका लागि स्थानीय सूचना तथा विज्ञापन, लोककल्याणकारी सन्देशमूलक विज्ञापन स्थानीय (जिल्लाभित्रका) सञ्चारमाध्यमलाई उपलब्ध गराउनु पर्ने, पालिकामा रहेका सबै सञ्चारकर्मीको यसै वर्षबाट वार्षिक नवीकरण हुने गरी स्वास्थ्य बीमा गरिदिनु पर्ने, पत्रकारको सीप, क्षमता विकास तथा मिडिया साक्षरताका लागि पर्याप्त बजेट विनियोजन गरिदिनु पर्ने माग राखिएको छ ।

यसैगरी सञ्चारकर्मीको सामाजिक सुरक्षाका लागि नेपाल पत्रकार महासंघ झापाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा अनुदान सहयोग, पत्रकार महासंघको भौतिक विकास तथा सञ्चार उपकरण खरिदमा आवश्यक सहयोग प्रदान गरिदिनु पर्ने र स्थानीय सरकारका असल अभ्यास तथा विकासका महत्वपूर्ण कामहरु बारे खोजमूलक अध्ययन र लेखनवृत्ति कार्यक्रमका लागि आवश्यक बजेट विनियोजनको मागसहित महासंघले ज्ञापनपत्र बुझाएको छ ।

बिर्तामोड नगर, हल्दीबारी र बाह्रदशी गाउँपालिकामा आइतवार ज्ञापनपत्र बुझाइसकिएर अर्जुनधारा नगरमा पनि बुझाउने बताउँदै अध्यक्ष गिरीले अन्य पालिकाहरुमा सोमवार बुझाउने जानकारी दिए । ज्ञापनपत्र बुझाउने कार्यक्रममा महासंघका पदाधिकारी तथा सदस्य र पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# हिमेश र प्रकाशद्वारा राहत कोषमा सहयोग

झापा(प्रस)॥ बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा रकम जुट्ने क्रम जारी छ ।

बिर्तामोड उद्योग वाणिज्य संघले




एक करोड रुपैयाँको अक्षयकोष स्थापना गर्दै त्यसको व्याजबाट आपत विपतमा परेका व्यवसायीलाई राहत रकम उपलब्ध गराउने गरी कार्यविधि तयार गर्दै कोष वृद्धिका लागि सहयोगको आव्हान गरेको थियो । योसंगै अहिले बिर्तामोडका व्यवसायीसहितका व्यक्तिले आफ्नो जन्मदिनको अवसर पारेर कोषमा सहयोग रकम प्रदान गर्दै आएका छन् । शनिवार बिर्तामोड उद्योग वाणिज्य संघका विशिष्ठ सदस्य निर्मल भट्टराईले ५१ हजार रुपैयाँ प्रदान गरेका थिए ।

आइतवार युवा व्यवसायी न्यू कोहीनूर ढुवानीका संचालक हिमेश अधिकारीले २१ हजार १ सय ११ रुपैयाँ र पाथीभरा इम्प्लेक्सका सञ्चालक प्रकाश सुवेदीले २१ हजार रुपैयाँ संघका अध्यक्ष राजु न्यौपानेलाई हस्तान्तरण गरे । बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा दुई छुट्टाछुट्टै कार्यक्रमको आयोजना गर्दै उनीहरुलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो ।

संघका अध्यक्ष राजु न्यौपानेसहित उपाध्यक्षद्वय विशाल थापा, जीवन खड्का लगायतले कोष वृद्धिमा सहयोग पुर्‍याउने दुई व्यवसायीलाई जन्मदिनको अवसरमा सुस्वास्थ्य र दीर्घायूको कामना गरेका थिए । कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# नाबालिकालाई सामूहिक बलात्कार गर्ने चारजना पक्राउ



झापा(प्रस) । उदयपुरको कटारीमा १४ वर्षीया नाबालिकालाई सामूहिक बलात्कार गर्ने चारजना पक्राउ परेका छन् ।
पक्राउ पर्नेहरुमा कटारी- ४ गबुवा बस्ने होटल संचालक २५ वर्षीय सुजन भन्ने राजकुमार तामाङ, सोही ठाउँ बस्ने १९ वर्षीय पुजन श्रेष्ठ ,२० वर्षीय नबिन श्रेष्ठ र २० वर्षकै जीवन तामाङ रहेका छन् ।
उनीहरुले शुक्रवार राति अन्दाजी ९.३० बजे उदयपुर कटारी -४ गबुवा बस्ने १४ वर्षीया नाबालिकालाई सुजन भन्ने राजकुमार तामाङको होटलको कोठामा लगेर जबरजस्ती करणी गरेका थिए ।
उनीहरुमाथि कानुन बमोजिम कारबाही गरी पाऊँ भनी शनिवार साँझ पीडितको आमाले इलाका प्रहरी कार्यालय कटारीमा जाहेरी दिएकी थिइन् ।
तत्कालै इलाका प्रहरी कार्यालय कटारीबाट प्रहरी टोली खटिएर उनीहरुलाई विभिन्न स्थानबाट पक्राउ गरेको थियो । पीडित बालिकाको प्रादेशिक अस्पताल कटारीमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# इलाममा ट्र्याक्टर दुर्घटना, दुईजना घाइते




झापा(प्रस)। इलामको माङसेबुङमा ट्र्याक्टर दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । आइतवार साँझ ५.५० बजे माङसेबुङ ५ मिक्लुक्लास्थित भित्री सडकखण्डमा भञ्ज्याङबाट महमाईतर्फ जाँदै गरेको मे १ त ६२३० नं को ट्र्याक्टर सडकबाट अन्दाजी ५० मिटर तल खसेर पल्टिएको हो । दुर्घटनामा ट्र्याक्टर चालक सोही ठाउँ बस्ने अनिल राईकी श्रीमती ४२ वर्षीया प्रभा थुलुङ राई र ट्र्याक्टरमा सवार २७ वर्षीय प्रदिप राई घाइते भएका छन् ।

दुवै घाइतेहरुलाई उपचारको लागि आम्दा अस्पताल दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि नोबेल अस्पताल बिराटनगर पठाइएको छ । ट्र्याक्टरमा आंशिकरुपमा क्षति पुगेको प्रहरीले जनाएको छ ।

# सिम्रिक साकोसको समीक्षा र तालिम




झापा(प्रस) । सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले लघुवित्त समीक्षा कार्यक्रम तथा ब्यवसायिक मौरीपालनसम्बन्धी तालिम प्रदान गरेको छ ।
झापाको बिर्तामोड ४ मा मुख्य कार्यालय रहेको सिम्रिक साकोसले आइतवार बिर्तामोडमा एकदिने लघुवित्त समीक्षासहित मौरीपालनसम्बन्धी तालिमको संचालन गरेको थियो ।
साकोसले संस्थाद्वारा संचालित लघुवित्त कार्यक्रम अन्तर्गतका सेवाकेन्द्रहरुका केन्द्र प्रमुखहरुसँग लघुवित्त कार्यक्रमबारे समीक्षा गरेको हो ।
संस्थाका कोषाध्यक्ष मेहरमान बिष्टको अध्यक्षतामा भएको कार्यक्रममा लघुवित्तको शुरुवात कसरी भयो ? यसको आवश्यकता किन र के-का लागि ? भन्ने विषयमा संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले सहभागीलाई जानकारी प्रदान गरेका थिए ।
त्यस्तै संस्थाको नीति नियम तथा संचालित बचतहरुका बारेमा आलेप विभाग प्रमुख दुर्गाप्रसाद रिजाल र कर्जा सदुपयोगिताका बारेमा लघुवित्त विभाग प्रमुख परमानन्द राजवंशीले विषयगत अन्तरक्रिया गर्दै प्रष्ट पारेका थिए ।
साथै सतासी महिला मौरीपालन सहकारी संस्थाका ब्यवस्थापक देवीमाया दाहालले मौरीपालनको बिषयमा सहजीकरण गरेकी थिइन् । उनले मौरीपालनबाट ब्यवसायिक कसरी हुने, फाइदाहरु के कति गर्न सकिन्छ, मौरीलाई चाहिने वातावरण लगायतका बारेमा जानकारी दिएकी थिइन ।

उनले ब्यवसायिक हुनका लागि साक्षरता तालिम समेत प्रदान गरिन् । सदस्यलाई उद्यमसंग जोड्न मौरीपालनसम्बन्धी तालिम प्रदान गरिएको संस्थाका कार्यकारी प्रमुख बस्नेतले जानकारी दिए । उनले सदस्यको आर्थिक अवस्था सुधार गर्दै व्यवसायिकतामा जोड्न तालिमले सहयोग पुग्ने विश्वास ब्यक्त गरे ।

# सर्पले डसेर बालकको मृत्यु



झापा(प्रस)। सर्पले डसेर मोरङको बेलबारीमा एक बालकको मृत्यु भएको छ ।शनिवार साँझ ७:३० बजे बेलबारी -८ बिरेन्द्र चोक बस्ने सुवास खत्रीका छोरा ११ वर्षीय शिशिर खत्रीलाई सर्पले दाहिने खुट्टाको पंजामा टोकी उपचारको लागि कोशी अस्पताल बिराटनगर लगेकोमा चेकजाँचपश्चात् डाक्टरले राति ८ बजे मृत घोषणा गरेका थिए ।
उनलाई कुन सर्पले टोकेको हो भनेर खुलेको छैन । मृतकको शव सोही अस्पतालमा नै रहेको प्रहरीले जनाएको छ ।


## बिर्तामोड नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


# पूर्वसभामुख महरा प्रकरणमा जोडिएकी रोशनी मृत फेला



झापा, जेठ ११ । पूर्वसभामुख कृष्णबहादुर महरा प्रकरणमा जोडिएकी रोशनी शाही बालकोटमा मृत फेला परेकी छन् ।
भक्तपुरको बालकोटमा उनी मृत फेला परेकी हुन्। सूर्यविनायक नगरपालिका-३ स्थित एक घरमा ५० वर्षीया रोशनी शाही मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। बालकोटको बृहस्पति मार्गस्थित लक्ष्मीश्वर महतोको ३ तले घरमा डेरा गरेर बस्ने शाही मृत अवस्थामा फेला परेकी हुन्। जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता ढुण्डिराज नेउपानेका अनुसार आइतबार दिउँसोसम्म उनी बसेको कोठाको ढोका नखुलेपछि घरबेटीले प्रहरीलाई खबर गरेका थिए। जनप्रतिनिधिको रोहवरमा कोठा फोरेर हेर्दा सुत्ने कोठाको भुइँमा उनको शव फेला परेको थियो। उनका श्रीमान उपत्यका बाहिर गएका थिए। केही दिनदेखि उनी कोठामा एक्लै रहेकी थिइन्।
प्रहरीका अनुसार भित्रबाट चुकुल लगाएको अवस्थामा उनी कोठाभित्रै मृत भेटिएकी हुन्। जाजरकोट स्थायी घर भएकी शाहीका छोराछोरी विदेशमा रहेको बुझिएको छ। उनको शरीरमा कुनै चोटपटक भने छैन। घटनास्थलमा सुसाइड नोट पनि फेला परेको छ। के कति कारणले मृत्यु भएको विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ।
पूर्व सभामुख एवं माओवादी नेता कृष्णबहादुर महराले जबर्जस्ती करणी गरेको भन्दै शाहीले ६ वर्ष अगाडि प्रहरी कार्यालयमा निवेदन दर्ता गराएकी थिइन्।


## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं-नगराऔं,
- सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, वालवालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड



असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी ७ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२-०२-१२

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क्र.सं | ऋणीको नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | दम्पत्तीको नाम | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १ | रुस्तम अली | झापा-४ | मोहम्मद पाचु मिया | अब्दुल जब्बर अली | साखिला बिबि | रुस्तम अली | सुरुंगा |
| २ | गिता खरेल | कनकाई-३ | निल प्रसाद खरेल | जयनारायण खरेल | प्रज्वल प्रसाई | अबिन्द्रराज प्रसाई | सुरुंगा |
| ३ | कामना लिम्बु | कनकाई-३ | अबिरे पुन मगर | बिरमान पुन मगर | बुद्धराज लिम्बु | बुद्धराज लिम्बु | सुरुंगा |
| ४ | यज्ञप्रसाद ढकाल | कनकाई-३ | पस्पतिनाथ ढकाल | बसन्तकुमार ढकाल | हिमा खरेल | यज्ञप्रसाद ढकाल | सुरुंगा |
| ५ | बिरबहादुर लिम्बु | कनकाई-३ | बमबहादुर लिम्बु | जितबहादुर लिम्बु | कल्पना सुब्बा | बिरबहादुर लिम्बु | सुरुंगा |
| ६ | रोजी भुजेल | कनकाई-२ | जन्मजय भुजेल | चन्द्रबहादुर भुजेल | ईन्द्रकुमार भुजेल | रोजी भुजेल | सुरुंगा |
| ७ | कल्पना सुब्बा | कनकाई-३ | फिपराज लिम्बु | आसनन्द लिम्बु | बिरबहादुर लिम्बु | बिरबहादुर लिम्बु | सुरुंगा |
| ८ | हिमादेबी प्रसाई | कनकाई-९ | पस्पतीनाथ ढकाल | बसन्तकुमार ढकाल | रमेशप्रसाद प्रसाई | हिमादेबी प्रसाई | सुरुंगा |
| ९ | टिकादेबी दाहाल | कनकाई-१ | चक्रबहादुर दाहाल | बिर बहादुर दाहाल | ज्ञानबहादुर रायमाझी | ज्ञानबहादुर रायमाझी | सुरुंगा |
| १० | बिजयकुमार मण्डल | कनकाई-५ | पारस मण्डल | भुवेश मण्डल | कमलादेबी मण्डल | बिजयकुमार मण्डल | सुरुंगा |
| ११ | जनक गिरी | अर्जुनधारा-५ | श्रीलाल गिरी | मन्त्री गिरी | कल्पना गिरी | जनक गिरी/ कल्पना गिरी | सुरुंगा |
| १२ | साबिर महमद | कनकाई-३ | कबिर महमद | मैनुदिन महमद | अन्जिला मियाइन खातुन | साबिर महमद | सुरुंगा |
| १३ | भारती राजवंशी | कनकाई-३ | बुद्धिलाल राजवंशी | पुष्पलाल राजवंशी | भिम राजवंशी | बुद्धिलाल राजवंशी/ भिम राजवंशी | सुरुंगा |
| १४ | भरतकुमार चुडाल | शिवसताक्षी-७ | दुर्गाप्रसाद चुडाल | अगनधर चुडाल | टिकाकुमारी खड्का | भरतकुमार चुडाल | सुरुंगा |
| १५ | पर्शुराम रायमाझी | कनकाई-२ | धनकुमार रायमाझी | अम्बरबहादुर रायमाझी | साबित्रा कटुवाल | धनकुमार रायमाझी | सुरुंगा |
| १६ | राजकुमार शाह | कनकाई-२ | नन्दलाल शाह | शुक्र शाह | साबित्री शाह | राजकुमार शाह | सुरुंगा |
| १७ | दरबारिया शाह | बाह्रदशी-७ | किशोरी शाह | पाचु शाह | बबितादेबी शाह | दरबारिया शाह | सुरुंगा |
| १८ | पर्शुराम गिरी | कनकाई-२ | ललितमान गिरी | लालबहादुर गिरी | सुशिला गिरी | प्रभु गिरी | सुरुंगा |
| १९ | केशरबहादुर खड्का | कनकाई-३ | दिलबहादुर खड्का | भगिरथ खड्का | नबिना बस्नेत | दिलबहादुर खड्का | सुरुंगा |
| २० | उमानाथ शिवाकोटी | कनकाई-३ | बिष्णुप्रसाद शिवाकोटी | महेश्वर शिवाकोटी | पबित्रा शिवाकोटी | उमानाथ शिवाकोटी | सुरुंगा |
| २१ | निलकुमार श्रेष्ठ | कनकाई-३ | चन्द्रबहादुर श्रेष्ठ | ललितबहादुर श्रेष्ठ | ललिता श्रेष्ठ | निलकुमार श्रेष्ठ | सुरुंगा |
| २२ | बलराम राजवंशी | झापा-३ | महेन्द्र राजवंशी | बलमत राजवंशी | सिताकुमारी राजवंशी | बलराम राजवंशी | शरणामती |
| २३ | एकनारायण राजवंशी | झापा-३ | पेनेगुदु राजवंशी | जात्रु राजवंशी | सुनितादेवी राजवंशी | पेनेगुदु राजवंशी | शरणामती |
| २४ | हेमकर्ण तिवारी | अर्जुनधारा–५ | भिम ब तिवारी | हर्कमान तिवारी | पदमकुमारी दाहाल | निरमला तिवारी | लक्ष्मीपुर |
| २५ | रामअसिस महथा सुडी | कनकाई-७ | नेवि महथा सुडी | बालगोविन्द महथा सुडी | सुमित्रादेवी महथा सुडी | रामअसिस महथा सुडी | दुर्गापुर |
| २६ | सुमित्रादेवी महथा सुडी | कनकाई-७ | गंगा महतो | बन्सी महतो | रामअसिस महथा सुडी | रामअसिस महथा सुडी | दुर्गापुर |

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कनकाई-रतुवा 'क' क्षेत्रीय उपसमिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कृषि मजदुरको अभाव

झापा जिल्लाको दक्षिणी भेगका किसान अहिले मकै भित्र्याउने चटारोमा छन्। झापा गाउँपालिका, बाह्रदशी गाउँपालिकाका किसानहरु बिहानदेखि बेलुकासम्म खेतमा मकै काट्ने, घोगा भाँच्ने जस्ता काममा व्यस्त छन्।

पानी परिरहेकाले मकै भित्र्याउन ढिला भयो, अहिले खेत सुक्दै गएपछि सबै किसान मकै काट्न खेतमा लागेका छन्। तर यो वर्षको मकै उत्पादनले किसान खुसी भने छैनन्। केही महिनाअघि परेको असिना पानी र हुरीले बालीमा ठूलो क्षति पुऱ्याएको किसानहरूको भनाइ छ।

यतिबेला झापा जिल्लाका विभिन्न गाउँमा किसानलाई मकैकाट्ने र थन्क्याउने चटारो छ। अन्य काम गर्न त्यति फुर्सद छैन, तर मकै भाँच्न भने सबैलाई भ्याइनभ्याइ छ। रोजगारका लागि युवाहरु विदेशिएपछि झापा जिल्लाका गाउँमा कृषि मजदूरको अभावमा किसान समस्यामा परेका छन्।

जिल्लाभरि कृषि मजदूर नपाउँदा किसान समस्यामा परेका छन्।

मकै पाकिसकेपनि खेताला नपाएर धान काट्न नसकिएको एक किसानले बताए । जनशक्तिको अभाव र भएको जनशक्ति पनि धान काट्ने चटारोमै भएका कारण समस्या आएको उनको भनाइ थियो। उनी जस्तै धेरै किसान समस्यामा छन् ।

'सबैलाई धान काट्ने चटारो छ, गाउँमा भएका युवायुवती सबै विदेश गए, गाउँमा खेतालाको अभावै भयो', उनले भने। पहिले अर्मपर्म गरेर नै धान काट्न सकिन्थ्यो तर अहिले त्यो अवस्था छैन। अहिले गाउँमा एकजना खेतालाको पारिश्रमिक ६ सय रुपैयाँदेखि ७ सय रुपैयाँसम्म छ। पहिले छिमेकी गाविस तथा अर्मपर्म गरेर धान काट्दै आउने गरेता पनि अहिले युवायुवती विदेशीएसँगै झनै समस्या भएको किसानको भनाइ थियो।

बजारमा व्यापार, व्यवसाय गर्ने पनि खेतालाको अभावले पसलै बन्द गरेर मकै भाँच्न जानु परेको बताउँछन्।स्वदेशमा रहेका युवा जनशक्ति शहरमा जागिर खान्छन्, जसका कारण खेतीपातीमा समय दिन पाउँदैनन्। घरमा रहेका बुढापाकाले ज्यानमा तागत नहुँदा खेतको काम गर्न नसक्ने उनको भनाइ छ।

सरकारले देशमा स्वरोजगार कार्यक्रम ल्याए युवा विदेश जाने क्रम घट्ने र खेतालाको अभाव नहुने उनीहरुको भनाइ रहेको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# महत्व नबुझिएको 'थिङ्क ट्याङ्क'



डा. झमकुमार विश्वकर्मा

'नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, विकासनिर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार क्षेत्रका विभिन्न पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएका विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न' गठन आदेश, २०७५ मार्फत स्थापना भएको नेपाल सरकारको 'थिङ्क ट्याङ्क' हो- नीति अनुसन्धान प्रतिष्ठान । प्रमाणमा आधारित नीति र अनुसन्धानमा आधारित विकासनिर्माण (अनुसन्धान र विकास) आजको युगको यथार्थ हो । विकसित देशहरूले 'थिङ्क ट्याङ्क' हरूको उपयोगमार्फत गरिरहेको अभ्यास पनि यही हो । केवल अनुमान, आग्रह र दबाबका भरमा बनाइने नीति र योजना न कार्यान्वयन हुन्छन् न त नतिजा नै दिन सक्छन् । प्रमाणमा आधारित नीति निर्माण र नीति सुधार तथा अनुसन्धान र विकास अवधारणाको व्यावहारिक कार्यान्वयनमार्फत सरकारलाई सहयोग गर्ने उद्देश्यसहित स्थापना भएको नीति अनुसन्धान प्रतिष्ठान 'बत्तीमुनिको छायाँमा रहेको सुगन्धित मृगनाभि' को अवस्थामा रहेको प्रतीत हुन्छ ।

नीति सुधारका विषयमा सरकारलाई सुझाव सिफारिस गर्ने ठुलो उद्देश्य र जिम्मेवारीसहित स्थापना गरिएको प्रतिष्ठानलाई यसको कार्यक्षेत्र र जिम्मेवारी अनुसारको काम गर्न सक्ने बनाउन यसको संस्थागत विकास गर्न आवश्यक छ । प्रतिष्ठानको संस्थागत विकासको सन्दर्भमा गर्नुपर्ने धेरै नीतिगत सुधारका पाटा छन् । उदाहरणका लागि, संस्था सञ्चालन गर्ने ऐनको अभाव र 'कन्सल्टिङ फर्म' जसरी छ महिने करार सेवामा अनुसन्धान गर्नुपर्ने बाध्यतालाई पेस गर्न सकिन्छ । नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमले सरकारी 'थिङ्क ट्याङ्क' का रूपमा रहेको नीति अनुसन्धान प्रतिष्ठानको संस्थागत विकास तथा यसको अधिकतम उपयोगलाई भने छुन सकेन । नीति सुधार तथा अनुसन्धान र विकासका सन्दर्भमा थिङ्क ट्याङ्कीय महत्व बुझ्न नसक्दा यो स्थिति सिर्जना भएको हो ।

'थिङ्क ट्याङ्क' हरू केवल भाषण गर्ने मजाकका विषय होइनन्, सरकारका सहयोगी हात हुन्, सरकारका सारथि हुन् । यस्ता 'थिङ्क ट्याङ्क' अमेरिकामा मात्रै करिब दुई हजार दुई सय छन् भने छिमेकी मुलुक चीनमा एक हजार चार सय छन् । यसले थिङ्क ट्याङ्कको महत्व कति छ भन्ने प्रस्ट हुन्छ । नेपालमा भने स्वयम् राज्य संयन्त्रभित्रबाटै 'थिङ्क ट्याङ्क' को महत्वलाई बुझ्न र उपयोग गर्न सकेको देखिन्न । 'थिङ्क ट्याङ्क' स्थापना गर्दैमा उद्देश्य अनुसारका सबै कुरा प्राप्त हुँदैनन् । उद्देश्य अनुसारको काम गर्न सक्ने संस्थाको रूपमा विकास गर्न र सदुपयोग गर्न जान्नु पर्छ, सक्नु पर्छ । यो मामिलामा ध्यान पुऱ्याउने हो भने सरकारी 'थिङ्क ट्याङ्क' को रूपमा रहेको प्रतिष्ठानले नीति सुधार तथा अनुसन्धान र विकासका क्षेत्रमा सरकारको सारथिका रूपमा काम गर्न सक्छ । प्रतिष्ठान स्वयमूले नीति अनुसन्धानका लागि विकास गरेको संरचनात्मक स्वरूप र हालसम्मको पहलले त्यो आधार तयार पारेको छ ।

**अनुसन्धानात्मक संरचना**

गठन आदेशले प्रतिष्ठानमा तीन वटा विभागको परिकल्पना गरेको छ- व्यवस्थापन विभाग, अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन विभाग । त्यसैगरी प्रतिष्ठानलाई गठन आदेशले दिएको कार्यक्षेत्र तथा जिम्मेवारीलाई समेत आधार मानेर अनुसन्धान विभाग अन्तर्गत रहने गरी जम्मा पाँच वटा अनुसन्धान केन्द्रको विकास गरिएको छ । क्षेत्र तथा विषयगत कार्यसम्पादन गर्न सजिलो होस् भन्ने उद्देश्यले अनुसन्धान केन्द्र सरकारका सबै मन्त्रालयलाई समेट्ने गरी निर्धारण गरिएको छ, जसले आर्थिक, राजनीतिक तथा सुशासन, सामाजिक, वैदेशिक सम्बन्ध र प्राकृतिक स्रोतलगायतका क्षेत्रलाई समेट्छन् । विषयगत अध्ययन अनुसन्धानका लागि तय गरिएका यी केन्द्रहरू वैज्ञानिक छन्, जस अन्तर्गत विभिन्न उपक्षेत्र पनि निर्धारण गरिएका छन् । परिवर्तित सन्दर्भमा आवश्यकताका आधारमा अनुसन्धान केन्द्रहरूलाई थप विस्तार गर्दै लैजान सकिन्छ । विषयगत अनुसन्धान केन्द्रको महत्व कति छ भन्ने छिमेकी मुलुकका 'थिङ्क ट्याङ्क' बाट पनि सिक्न सकिन्छ ।

चीनको 'चाइनिज एकेडेमी अफ सोसियल साइन्स' अन्तर्गत सात वटा शैक्षिक महाशाखा र ४४ वटा प्रतिष्ठानको विकास गरिएको छ । समाजका सबै क्षेत्र र विषयलाई समेट्न तथा अध्ययनमा विशिष्टीकृत कायम गर्न प्रतिष्ठानले पनि भविष्यमा विषयगत अध्ययन केन्द्र विस्तार गर्नुपर्ने हुन्छ । प्रतिष्ठानमा मौजुदा अध्ययन केन्द्र अन्तर्गत देहायबमोजिमका उपकेन्द्र रहेका छन्, जसलाई पूर्ण रूपमा क्रियाशील बनाउने हो भने मुलुकको नीति सुधार र रूपान्तरणमा ठुलो योगदान पुऱ्याउन सक्छ ।

आर्थिक/पूर्वाधार विकास, शासकीय प्रबन्ध/संघीय मामिला, कानुन, शिक्षा, स्वास्थ्य र समाज कल्याण तथा सामाजिक सुरक्षा, परराष्ट्र नीति/रणनीतिक मामिला ताथ प्राकृतिक स्रोत/प्रविधि उपकेन्द्रलाई क्रियाशील गराउन आवश्यक छ ।

प्रतिष्ठानभित्र रहेका यिनै पाँच वटा विषयगत अध्ययन केन्द्रले मोटामोटी रूपमा सबै क्षेलाई समेटेका छन् । हरेक केन्द्रले अध्ययन गर्ने सिलसिलामा आवश्यक सम्पर्क, संवाद तथा परामर्श गर्न सजिलो होस् भन्ने उद्देश्यले प्रत्यक्ष/परोक्ष रूपमा सम्बन्धित मन्त्रालय पनि तोकिएका छन् । यसले कार्यसम्पादनलाई विशिष्टीकृत गरेको छ । त्यसैगरी प्रतिष्ठानले सूचना तथा ज्ञानको आदानप्रदान तथा अध्ययन अनुसन्धानमा संस्थागत सहकार्य गर्ने उद्देश्यले 'चाइनिज एकेडेमी अफ सोसियल साइन्स' अन्तर्गतको 'नेसनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी' लगायत मुलुकभित्रकै दर्जनौँ अनुसन्धान संस्थासँग समझदारी 'एमओयु' गरिसकेको छ । उपरोक्त सबै क्रियाकलापले प्रतिष्ठानको कार्यक्षेत्र र महत्व क्रमशः वृद्धि हुँदै गइरहेको छ । यसको थप संस्थागत विकास गर्दै सार्वजनिक नीति अध्ययनको मामिलामा सरकारलाई सहयोग गर्ने उत्कृष्ट अनुसन्धान केन्द्र (सेन्टर अफ एक्सेलेन्स) का रूपमा विकास गर्न जरुरी छ, जसको पहिलो सर्त हो- संस्थाको ऐन निर्माण र क्षमता विकास ।

नीति सुधारका लागि नीति अनुसन्धान वा अनुसन्धान र विकासका लागि केवल एक थान नीति बनाउँदैमा वा एक थान संस्था स्थापना गर्दैमा सबै कुरा प्राप्त हुँदैन । दशकौँदेखि अस्तित्वमा रहेका नीति र कार्यान्वयन गर्ने निकायको विद्यमान अवस्थाले यही यथार्थ इङ्गित गर्छ । नीतिलाई कार्यान्वयनयोग्य र नतिजामुखी बनाउन तथा संस्था वा निकायलाई प्रभावकारी बनाउन आवश्यक पर्ने संस्थागत विकास, क्षमता विकासलगायतमा ध्यान पुऱ्याउन सकिएन भने नीति र निकाय प्रभावकारी बन्न सक्दैनन् । अहिले पनि राज्यले विदेशी दाताको सहयोगमा परामर्शदातामार्फत विषय क्षेत्रगत सार्वजनिक नीतिको मसौदा तयार पार्ने गरेको छ । त्यसैगरी संघीयताको अभ्यास गर्ने क्रममा स्थानीय र प्रदेश सरकारले आआफ्नै ढङ्गले विषय क्षेत्रगत नीति वा ऐन अनुमान, आग्रह र दबाबका आधारमा बनाइराखेको अवस्था छ । त्यसका लागि आवश्यक अध्ययन अनुसन्धान हुने गरेकै छैन । यता संघमा नीति निर्माण गर्ने मन्त्रालय र कानुन निर्माण गर्ने विधायिकाको पनि त्यही शैली छ । जबसम्म अनुसन्धानमा आधारित भएर नीति तथा कानुन निर्माण गर्ने अभ्यास अवलम्बन गरिँदैन तबसम्म नीति कार्यान्वयन हुन सक्दैन ।

एउटा विडम्बना भने अझै टरिसकेको छैन । विगतदेखि नै अन्तरकुन्तरमा नीति अनुसन्धान प्रतिष्ठानको अस्तित्वमाथि केही प्रश्न पनि उठ्ने गरेका छन् । सरकारलाई 'थिङ्क ट्याङ्क' चाहिन्छ कि चाहिँदैनभन्दा चाहिन्छ भन्नेमा सबै सहमत छौँ । निदाएको अभिनय गर्नेलाई ब्युँझाउन सकिन्न भने झैँ राजनीतिक दुराग्रह राख्ने र प्रतिष्ठानले समग्र सार्वजनिक नीतिको पक्ष समेट्दा आफ्नो रोटी नसेकिने मनोविज्ञान पाल्नेहरूले एकै प्रकृतिका संस्था किन चाहियो भन्ने कुतर्क गरेको सुनिन्छ । नीति अनुसन्धान प्रतिष्ठानस"ग कार्यक्षेत्र बाझिने अन्य कुनै पनि संस्था छैनन् । प्रतिष्ठानको कार्यक्षेत्र र कार्यादेश फरक छ ।

सरकारको वार्षिक नीति तथा कार्यक्रमले नीति अनुसन्धान प्रतिष्ठानको ऐन निर्माण तथा क्षमता विकासलगायतका विषय छुनै सकेन । अब वार्षिक बजेट आउन पाँच दिन बाँकी छ । यो अवधिमा सरकारले सरकारी 'थिङ्क ट्याङ्क' को संस्थागत विकास गर्दै अधिकतम उपयोग कसरी गर्न सकिन्छ भन्ने तर्फ पनि सोच्न जरुरी छ । आर्थिक वर्ष २०८२/८३ भित्र संसद्बाट प्रतिष्ठानको ऐन पास गर्दै अनुसन्धान र क्षमता विकासका लागि पर्याप्त बजेटको व्यवस्था गर्न आवश्यक छ, ताकि राज्यको 'थिङ्क ट्याङ्क' लाई वास्तवमै सार्वजनिक नीति सुधारका विषयमा उत्कृष्ट अनुसन्धान केन्द्र (सेन्टर अफ एक्सेलेन्स) का रूपमा विकास गर्न सकियोस् । वार्षिक नीति तथा कार्यक्रमले समेट्न नसकेको यो विषयलाई वार्षिक बजेटले कुनै न कुनै रूपमा समेट्न आवश्यक छ ।

दशकौँदेखि नीतिमा काम गरेका नीति निर्माता र अभ्यासकर्ता स्वयम्ले नीतिको चुरो कुरा अझै बुझ्न सकेको देखिन्न । बिरालो बाँध्ने शैलीमा नीति बनिराखेका छन् । विषय तथा क्षेत्रगत नीतिमा समावेश दूरदृष्टि, लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यनीतिमै प्रस्ट छैन, ती के हुन् भन्ने धेरैलाई थाहै छैन । दुई चार वटा नीति पल्टाएर हेऱ्यो भने त्योभित्रको अस्पष्टता प्रस्टसँगै देख्न सकिन्छ । केही समय अगाडि सरकारले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहने गरी नीति प्रयोगशाला स्थापना गरेको छ । त्यो नीति प्रयोगशालाबाट हुने कार्यसम्पादनका लागि क्षमता विकाससहित नीति अनुसन्धान प्रतिष्ठानलाई नै बढी जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

अन्त्यमा नीति अनुसन्धानमार्फत सार्वजनिक नीति सुधार, अनुसन्धान र विकास, घरेलु तथा बाह्य मामिलामा समसामयिक विषयमा सरकारलाई सुझाव र सहयोग गर्ने संस्थाको रूपमा स्थापित 'थिङ्क ट्याङ्क' हो नीति अनुसन्धान प्रतिष्ठान । यस्ता 'थिङ्क ट्याङ्क' को भूमिका, महत्व र आवश्यकता संसारभरि दिनप्रतिदिन वृद्धि हु"दै गइरहेका छन् । अमेरिका, चीन, भारत, दक्षिण कोरिया, बेलायतलगायतका देशले 'थिङ्क ट्याङ्क' हरूलाई यथेष्ट स्रोतसाधन सम्पन्न बनाएर सरकारको सारथिका रूपमा उपयोग गरिरहेका छन् । नेपालमा भने सरकार स्वयम्ले स्थापना गरेको 'थिङ्क ट्याङ्क' बत्तीमुनिको छायाँमा परेको सुगन्धित मृगनाभिको रूपमा रहेको छ ।

# आधुनिकताले निम्त्याएको विपत्



बालकुमारी कार्की कुँवर

बढ्दो सहरीकरण र आधुनिकताको विकाससँगै विश्वमा धेरै प्राकृतिक विपत् र मानवसिर्जित विपत् बढिरहेका छन् । बाढीपहिरो, आगलागी, हुरीबतास, चट्याङ आदि प्राकृतिक विपत्अन्तर्गत पर्छन् भने मानव सिर्जित विपत्अन्तर्गत मानवीय क्रियाकलापबाट आउने विपत्, द्वन्द्व, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, बर्डफ्लु, सर्पदंश, जनावर आतंक, खानी तथा हवाई दुर्घटना, सडक तथा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास चुहावट, रसाइन वा विकिरण चुहावट, ग्यास विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश आदि । जसबाट विश्वमा हरेक वर्ष मानिसको ज्यान गइरहेको छ । मानिस मर्ने, हराउने, घाइते हुने, धन, सम्पत्ति नष्ट हुने भइरहेको छ ।

सन् १९७१ देखि २०१६ सम्म भएका विपत्का घटनामध्ये महामारीबाट सबैभन्दा बढी मानवीय क्षति भएको देखिन्छ । सन् २००५ को अन्तिममा एसिया तथा प्रशान्त क्षेत्रमा आएको सुनामीले पुऱ्याएको क्षति वा आँधी, हुरी, बाढीपहिरो तथा भूकम्पले पुऱ्याएको क्षति सबै प्राकृतिक विपत्ले बर्सेनि धनजनको ठूलो क्षति भइरहेको छ । कोभिड-१९ ले पनि विश्वमा निकै ठुलो धनजनको क्षति पुऱ्यायो । विकासले जति फड्को मार्दै जान्छ, त्यही मात्रामा जनसंख्या वृद्धि, सहरीकरण, वातावरणीय ह्रास, वायु तथा पानीका स्रोतहरूको प्रदूषणले विपत्का घटनालाई बढाइरहेको छ ।

समाजमा चोरी, डकैती, हत्या, बलात्कार, लुटपाट आदि आपराधिक दुष्कार्यहरू बढिरहेका हुन्छन् । यी प्रकोपहरूले विपत्को रूप लिँदै आइरहेका छन् । त्यसबाट मानवीय भौतिक, आर्थिक र नैतिक साथै वातावरणीय क्षति भइरहेको हुन्छ ।

मानवसिर्जित विपत् मानिसले नै न्यूनीकरण गर्न सक्छ । यो मानिसको पहुँचभन्दा बाहिर छैन । पूर्वाधार निर्माण, कमजोर प्रविधि, गुणस्तरहीन सामग्रीहरूको प्रयोग, जनचेतनाको कमी, स्थानीय सीप तथा स्रोत प्रयोगको उपेक्षा, भू-उपयोग नीति कार्यान्वयन नहुनु, राजनीतिक द्वन्द्व, बसाइँसराइ आदिले विपत्का घटना वृद्धि भएका छन् । सहरीकरण र आधुनिकताको प्रवेशसँगै मानिस शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, सुविधा, रोजगारीका अवसरका कारण पनि जनसंख्याको चाप सहरी बस्तीहरूमा बढिरहेको छ ।

समुदायमा ज्ञानको अभाव, जनचेतनाको कमी, स्थानीय ज्ञान तथा सीप प्रयोगको उपेक्षा, भू-उपयोग नीति कार्यान्वयन नहुनु, राजनीतिक द्वन्द्व र बसाइँसराइ आदिले विपत्का घटनामा वृद्धि भइरहेको छ । समुदायमा जनचेतनाको अभाव, विकास निर्माण कार्यमा समुदायलाई सहभागी नबनाइँदा वा गाउँका पहुँचवाला मानिसलाई मात्र सहभागी गराइँदा यस्ता समस्या उत्पन्न हुन सक्छन् ।

विकासका नाममा कमजोर संरचनाको निर्माण भयो भने यसले प्रकोपको जोखिम बढाउँछ । जोखिमको विश्लेषण नगरी बसोबास, खेतीपाती, उद्योगधन्दा सञ्चालन गर्दा भौतिक रूपमा विकास भएको देखिए तापनि प्रकोपको सामान्य घटनाबाट भने निकै ठूलो क्षति हुने सम्भावना रहन्छ । यस्तो विकासले प्रकोप बढाएको हुन्छ । आवास निर्माणका दृष्टिले ग्रामीण भवनका तुलनामा सहरी क्षेत्रका भवन बढी जोखिमयुक्त मानिन्छ । विश्वका कैयौं मुलुकमध्ये नेपाल भूकम्पीय जोखिमको अग्रस्थानमा मानिन्छ । सन् १९६० भन्दा पहिले आर्थिक उन्नतिलाई विकास भनेर परिभाषित गरिएको थियो भने पछिल्लो समयमा मानव संसाधन र जीवनस्तरको सुधारलाई पनि विकासको दायराभित्र राख्न थालियो । विकास मानवीय कार्यको परिमाण भएकाले मानवीय क्रियाकलापबाट उत्पन्न हुने प्रतिकूल प्रभावले विभिन्न जोखिम उत्पन्न गर्नेगर्छ । मानिसले गरेको औद्योगिक उन्नतिले तीव्र रूपमा आर्थिक विकास सँगै डरलाग्दो वातावरणीय समस्या पनि उत्पन्न गरेको छ ।

विशेषगरी वातावरणीय समस्याको कारण प्राकृतिक र मानव सिर्जित दुवै प्रकोपहरूमा वृद्धि भइरहेको अवस्था छ । यी दुर्घटनालाई न्यूनीकरण गर्न विकास निर्माण कार्यमा मापदण्डविहीन निर्माण कार्य र सामग्री प्रयोगले विपत्का घटना दोहोरिरहेका छन् । प्राकृतिक स्रोतसाधनको अत्यधिक दोहन, इन्धनको अत्यधिक प्रज्वलनले हरितगृह ग्यासको निष्कासन, अव्यवस्थित सहरीकरण आदिले विपत्तर्फ डोऱ्याइरहेको छ ।

फलस्वरूप विश्वभर तापमानको वृद्धि भइरहेको छ । हावापानी र मौसम परिवर्तन भइरहेको छ । मौसमी घटनाका कारणले हवाई दुर्घटना हुनसक्छ भने शीतलहर चलेको समयमा सडक राम्ररी नदेखिएर सडक दुर्घटना हुनसक्छ ।

बाढीपहिरोको कारण क्षतिग्रस्त सडकमा गुड्ने सवारीसाधनको दुर्घटनालाई पनि यसै श्रेणीमा राख्न सकिन्छ । समुद्री आँधीमा परेर पानी जहाज डुब्ने सम्भावना रहन्छ । आगलागीले पनि यस्ता दुर्घटनालाई सघाउ पुऱ्याउँछ । वर्षाको बाढीले र हिउँदमा चल्ने हुरीबतास साथै शीतलहर पनि जोखिमपूर्ण हुन्छन् ।

युएनडीपी र विश्व बैंकअनुसार नेपाल भूकम्प र बाढीको सापेक्षिक संकटा, सन्नताका दृष्टिबाट अत्यन्त जोखिममा छ । नेपालमा कानुनको कार्यान्वयन गर्ने प्रक्रिया, चाहना, आवश्यकता र समयको मागअनुसार हुन सकेको छैन । यातायात, औद्योगिक, हवाई जुनसुकै दुर्घटना न्यूनीकरण गर्न नीतिनियम कानुनको व्यवस्था गर्नुपर्छ । यातायात, हवाई औद्योगिक दुर्घटनालाई प्रकोपका रूपमा परिभाषित गरी सरकारबाट ठोस कदमहरू चाल्नु जरुरी छ । अस्वाभाविक रूपमा वर्षा हुनु, बस्ती वा बस्ती नजिकै बाढी पस्नु, माथिबाट पहिरो आएर बस्ती पुर्नु वा बगाउनु, धनजनको क्षति गर्नु आदिले गरिबीको अवस्था सिर्जना हुन्छ ।

प्राकृतिक स्रोक्त साधनको अत्यधिक दोहन र अव्यवस्थित सहरीकरणले प्राकृतिक विपत् र मानव सिर्जित विपत् दुवै बढ्ने गरेको पाइएको छ ।

विपत् सामना गर्न पूर्वतयारी, पुनर्निर्माणका योजना निर्माण र कार्यान्वयन गरी विपत् व्यवस्थापन गर्नु आवश्यक छ । विपत् व्यवस्थापनलाई आपत्कालिन घटनाको रूपमा परिभाषित गरी विपत्का कारण र प्रभाव पत्ता लगाई यस अवस्थाले ल्याउने भौतिक, वातावरणीय आर्थिक, नैतिक, बौद्धिक, सामाजिक क्षतिलाई न्यूनीकरण गर्नु जरुरी छ । विपत्मा परेका पीडित र जनधनको क्षतिलाई जोगाई भौतिक र मानवीय क्षति कम गर्न सक्नुपर्छ ।

विकास योजना तथा नीतिम उत्तम अभ्यासको संकलन तथा विस्तार गरी प्रकोप जोखिम न्यूनीकरण गर्न सकिन्छ । विकास तथा प्रकोप व्यवस्थापनको विषयलाई व्यावहारिक बनाउन राजनीतिक इच्छाशक्तिलाई सशक्त पार्न सकिन्छ । प्रकोप जोखिमका आधारभूत तथ्यांक संकलन तथा योजना संयन्त्रको विकास गरी विकास नीति र प्रकोप जोखिमबीच सम्बन्ध पहिल्याउनु जरुरी छ ।

# नैतिकताको पाठ पढाउने लेखकमा नैतिकताको अभाव

झापा(प्रस) । भीभीआईपी र भीआईपीहरू मुछिएका दर्जनौं ठूला भ्रष्टाचार र आपराधिक प्रकरणले जेलिएको देशलाई यति वेला फेरि अर्को त्यस्तै प्रकरणले थिचेको छ। नक्कली भुटानी शरणार्थी प्रकरण ताजा गराउने गरी अहिले बहालवाला गृहमन्त्री एवं संसद्कै ठूला दल नेपाली कांग्रेसका नेता रमेश लेखक जोडिएको प्रकरण बाहिरिएको हो।

त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालयबाट भिजिट भिसाको सेटिङमा करोडौं असुल्ने गरिएको र त्यसको सम्बन्ध गृह मन्त्रालयसम्म रहेको अख्तियारको प्रारम्भिक छानबिनमा खुलिसकेको छ। योसँगै गृहमन्त्री लेखकको चौतर्फी आलोचना मात्र होइन, उनको राजीनामा नै माग भइरहेको छ।

तर मन्त्री लेखकले राजीनामा दिएर छानबिनमा सघाउने छाँटकाँट देखाएका छैनन्। न कांग्रेसले फिर्ता बेलाएको छ, न त प्रधानमन्त्रीले बर्खास्त गर्ने आँट नै गरेका छन्। आफू नेतृत्वको सरकार नै धर्मराउने भएपछि प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली चुपचाप छन्।

गृहमन्त्री लेखक तिनै हुन् जसले कुनै वेला तत्कालीन गृहमन्त्री एवं रास्वपा सभापति रवि लामिछानेमाथि सहकारी ठगी प्रकरणमा प्रश्न उठ्दा नैतिकताको पाठ पढाउँदै र संसद्को इतिहास सम्झाउँदै राजीनामा मागेका थिए।

अहिले मानव तस्करी जस्तो गम्भीर अपराधमा आफ्नो नाम जोडिँदा समेत लेखक पदमा टाँसिएर बसेका छन्। बरु उनी आफूविरुद्ध नियोजित र षड्यन्त्रमूलक ढंगबाट झूटो प्रचारबाजी भएको भन्दै संसद्मा जवाफ दिएर टार्ने प्रयासमा देखिन्छन्।

शनिबार (जेठ १० गते) साँझ सिंहदरबारमा सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै लेखकले आफ्नो संलग्नता पुष्टि भएको अवस्थामा मात्र राजीनामा दिने बताए। उनले बरु कर्मचारीमाथि प्रश्न उठाइँदा मन्त्रीले राजीनामा दिने पद्धति बसाउने हो भन्दै प्रतिप्रश्न गरे।

'मेरा विरुद्धमा नियोजित र षड्यन्त्रमूलक ढंगबाट झूटो प्रचारबाजी भइरहेको छ। म सबैलाई के आग्रह गर्न चाहन्छु भने त्रिभुवन अन्तारा‌ष्ट्रिय विमानस्थलको अध्यागमनको भिजिट भिसाको विषय मात्रै होइन, मेरो सार्वजनिक जीवनमा, राजनीतिक जीवनमा यदि एउटा मात्रै पनि मैले आर्थिक अनियमितता गरेको कसैले प्रमाणित गर्‍यो भने, प्रमाणित भयो भने म पदबाट होइन, राजनीतिबाट राजीनामा दिन्छु। १३ गते सम्मानित सदन प्रतिनिधिसभामा बोल्नका लागि मैले समय माग गरिसकेको छु, अरू विस्तृत कुरा म प्रतिनिधिसभामा भन्छु। गृह मन्त्रालय यत्रो ठूलो मन्त्रालय छ, लाखौँलाख कर्मचारी छन्। त्यसमा संवैधानिक निकाय अनुसन्धान गर्नका लागि सक्षम निकायले कुनै पनि वेला कुनै पनि कर्मचारीमाथि अनुसन्धान सुरु गर्न सक्छ। कुनै पनि कर्मचारीका माथि अनुसन्धान सुरु हुँदा सबै मन्त्रीहरूले राजीनामा दिँदै जाने हो ? के त्यही पद्धति बसाउने हो ? त्यो सम्भव छ ? आजसम्म त्यस्तो भएको छ ?'



मन्त्री लेखकले शनिबार नै गृह मन्त्रालयलाई आफ्नो बचाउमा विज्ञप्ति जारी गराएका छन्। गृहले सार्वजनिक बिदाको दिन शनिबार विज्ञप्ति जारी गर्दै कुनै पनि गैरकानुनी वा भ्रष्टाचारजन्य कार्यमा मन्त्री लेखकको संलग्नता नरहेको दाबी गरेको छ।

त्यसो त गृहमन्त्री लेखकको पार्टी कांग्रेस पनि उनको बचाउमै लागेको देखिन्छ। तत्कालीन गृहमन्त्री रवि लामिछानेविरुद्ध संस्थागत रूपमै खनिएर राजीनामा र संसदीय छानबिन माग गर्ने कांग्रेस नेताहरू अहिले धेरैजसो लेखकको मौन बचाउमा छन् भने मुख खोल्नेहरूले दायाँबायाँ नसोची उनको बचाउ गरेका छन्।

कांग्रेस नेता कृष्ण सिटौलाले कर्मचारीमाथि सारा दोष थोपर्दै गृहमन्त्री लेखक चोख्याउने प्रयास गरे। कर्मचारीले गरेको गल्तीलाई आधार बनाउँदै गृहमन्त्रीको राजीनामा माग्नु गलत भएको उनी बताउँछन्।

आइतबार विराटनगरमा आयोजित पत्रकार भेटघाटमा सिटौलाले कर्मचारीले गरेको गलत क्रियाकलापलाई आधार बनाएर मन्त्रीको राजीनामा माग्ने कार्यले गलत नजिर बस्ने बताए। 'विगतमा मन्त्रीहरूमाथि नै कुरो उठेकाले राजीनामा दिए पनि अहिले अध्यागमन विभागको कर्मचारीमाथि आरोप लागेको र अख्तियारले छानबिन गरिरहेकाले केही समय पर्खिनुपर्छ', उनको भनाइ छ।

यस मामिलामा बरु संस्थापन इतर समूहले कांग्रेसको इज्जत धान्ने काम गरेको छ। शनिबार विराटनगरमा नै संस्थापन इतर समूहका नेता डा. शेखर कोइरालाले भने गृहमन्त्री लेखकले राजीनामा दिनुपर्ने मत राखेका थिए। प्रश्न उठिसकेपछि राजीनामा दिएर छानबिनमा सघाउँदा गृहमन्त्रीकै नैतिकता उचो हुने उनको सुझाव छ।

'रमेशजीको कुरा उठेपछि नैतिकताको आधार राजीनामा दिएर छानबिन गर्नुस् तपाईँहरू भने भइहाल्यो नि, गृह मन्त्रालय त उहाँकै मातहतमा त छ नि', उनले भने, ' उहाँले नैतिकताको हिसाब म क्लिन छु, मैले राजीनामा गरेँ। छानबिन समिति बनाउनुस् गर्नुहोस् भने भइहाल्यो नि। त्यसले मोरल स्ट्र्याटस देखिन्छ।'

इतर समूहकै सांसद राजेन्द्र बजगाईँले सभापति देउवालाई पत्र लेख्दै भ्रष्टाचारको आरोप लागेका मन्त्रीलाई तत्काल बर्खास्त गर्न माग गरेका छन् । 'पार्टीको प्रतिष्ठा जोगाउन र संस्थागत शुद्धिकरण गर्न, विवादास्पद, भ्रष्टाचारमा मुछिएका वा कार्यक्षमतामा पूर्ण असफल मन्त्रीहरूलाई तुरुन्त बर्खास्त गरियोस्', उनले पत्रमार्फत भनेका छन्।

गृहमन्त्री लेखक मुछिएका यस प्रकरणमा कांग्रेस अन्य नेताहरूले भने मुख खोलेका छैनन्। अन्य दलका नेतामाथि प्रश्न उठ्दा सबैभन्दा पहिला अनुसन्धानको माग गर्ने कांग्रेसका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा भने गृहमन्त्री लेखकका विषयमा हालसम्म मौन छन्। उनीहरूले सामाजिक सञ्जालमा पनि कुनै प्रतिक्रिया जनाएका छैनन् ।

गृहमन्त्री लेखक कांग्रेस-एमाले गठबन्धन निर्माणको सूत्रधारमध्ये एक हुन्। उनी पार्टी सभापति शेरबहादुर देउवाका विश्वासपात्र मानिन्छन्।

गृहमन्त्री लेखक मुछिएका यो प्रकरणमा औपचारिक धारणा सार्वजनिक नगरेको कांग्रेसले पदाधिकारी बैठक भने बोलाएको छ। सोमबार बिहान बस्ने गरी सभापति देउवाले बोलाएका उक्त पदाधिकारी बैठकमा छलफल हुने बुझिएको छ।

संगठित तथा संस्थागत असुलीमा मुछिएका गृहमन्त्री लेखकले राजीनामा नै दिनुपर्नेमा विपक्षी दलहरूले जोड दिइरहेका छन्। आफ्नो पार्टी सभापति रवि लामिछाने गृहमन्त्री हुँदा चर्को विरोध गरेका लेखकविरुद्ध अहिले रास्वपाका लागि बदला लिने मौका बनेको छ।

रास्वपाले औपचारिक रूपमै धारणा सार्वजनिक गर्दै तत्काल राजीनामा दिएर छानबिनमा सघाउनुपर्नेमा जोड दिएको छ। रास्वपा कार्यवाहक प्रवक्ता मनीष झाद्वारा जारी विज्ञप्तिमा राजनीतिप्रतिको घृणाको कारण नबन्नका लागि पनि राजीनामा दिनुपर्ने उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'विगतमा सांसद रमेश लेखकले नै सदनमा प्रश्न उठिसकेपछि राजीनामा दिएर छानबिनमा सघाउनुपर्छ भनेर विभिन्न दृष्टान्त सम्झाउनुभएको कुरा आज उहाँलाई नै स्मरण गराउँदै यथाशीघ्र गृहमन्त्रीको पदमा राजीनामा दिएर यस विषयमा निष्पक्ष अनुसन्धानलाई सघाउन माग गर्दछौं। साथै यस मुद्दालाई लिएर आगामी दिनमा सदन अवरुद्ध हुँदा त्यसले उत्पन्न गर्ने नेपाली राजनीतिप्रति घृणाको कारक नहुन पनि सुझाव दिन्छौं।'

प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यही प्रकरणलाई जोडेर वर्तमान सरकार नै भ्रष्टाचारीको हित गर्नेतिर लागेको टिप्पणी गरेका छन्। पार्टीको जागरण अभियानअन्तर्गत बागलुङ बजारमा आयोजित कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै उनले सरकार भ्रष्टाचारीहरूको संरक्षण र दलालहरूको हित गर्नेतिर लागेको टिप्पणी गरेका हुन्।

'अहिले म सुन्दै छु विमानस्थल भन्सारमा लाखौँ-करोडौँको घोटाला हुने गरेको छ। म प्रधानमन्त्री र नारायणकाजी गृहमन्त्री भएका वेला हामीले एकपछि अर्को नीतिगत निर्णय गर्दै टाइट गर्दै लगेका थियौँ। अहिले एउटै रुटबाट सरकारको हातमा ५०औँ लाख गइरहेको छ भ्रष्टाचारको रूपमा', उनले भने, 'यो स्थिति भएपछि कसरी आर्थिक स्थितिमा सुधार हुन्छ ?'

# तीनकुने घटनामा ६१ जनाविरुद्ध मुद्दा दर्ता

झापा(प्रस) । चैत १५ गते काठमाडौँको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न रहेको अभियोगमा ६१ जनाविरुद्ध मुद्दा दर्ता भएको छ।

५० जनालाई राज्यविरुद्धको कसुरमा र अरू ११ जनालाई आपराधिक उपद्रव गरेको अभियोगमा मुद्दा दर्ता भएको हो। राज्यविरुद्धको कसुरमा राप्रपाका उपाध्यक्ष धवलशमशेर राणा, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, दुर्गा प्रसाईंसहित ६१ जनालाई प्रतिवादी बनाइएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँका प्रमुख रामहरि शर्मा काफ्लेले जानकारी दिए।

यसैगरी दुर्गा प्रसाईंसहित ८ जनालाई भने कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा पनि प्रतिवादी बनाइएको काफ्लेले जानकारी दिए। चैत १५ गते राजावादीहरूले दुर्गा प्रसाईंलाई जनकमाण्डर तोकेर प्रदर्शन गरेका थिए।

उक्त प्रदर्शन हिंसात्मक बन्दा दुईजनाको ज्यान गएको थियो। यस्तै प्रदर्शनकारीहरूले त्यस दिन व्यक्ति तथा राज्यका सम्पत्तिमा ठूलो नोक्सानी पुर्‍याएका थिए। यस्तै व्यक्ति तथा सरकारी सवारीमा पनि तोडफोड र आगजनी गरेका थिए।

घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका ३४ जनाविरुद्ध मुद्दा नचलाउने निर्णय भएको काफ्लेले बताए। उनीहरूमध्ये २५ जना छुटिसकेका थिए भने ९ जनालाई आइतवार छाडिएको छ।

# ट्राफिक प्रहरीलाई लापसे किट हस्तान्तरण




बिर्तामोड(प्रस) । नेपाल औषधि व्यवसायी संघ (एनसिडिए) झापाले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापालाई लागूपदार्थ सेवन (लापसे) जाँच किट हस्तान्तरण गरेको छ ।

आइतवार एक कार्यक्रमका बीच एनसिडिए झापाले बिर्तामोडस्थित ट्राफिक प्रहरी कार्यालयमा ५० थान किट हस्तान्तरण गरेको अध्यक्ष जीवनकुमार खड्काले जानकारी दिए ।

सार्वजनिक बस, ट्याक्सी, भेन तथा तीनचक्के साधनका चालकहरुले लागूपदार्थ सेवन गरेर सवारी साधन चलाइरहेका बेला संघले किट दिएर धेरै सहयोग पुगेको झापाका ट्राफिक प्रहरी प्रमुख गणेश पौडलले बताए ।

एनसिडिए झापाले विभिन्न समयमा सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सेवामुलक काम गर्ने गरेको छ । सोहीअनुरुप योपटक ट्राफिक प्रहरीलाई लागूपदार्थ सेवन जाँच किट प्रदान गरिएको संघका महासचिव विष्णु पौडेलले जानकारी दिए ।

एनसिडिए केन्द्रीय सदस्य कञ्चन शर्माको प्रमुख आतिथ्यतामा भएको किट हस्तान्तरण कार्यक्रममा कोशी प्रदेशका संस्थापक वरिष्ठ उपाध्यक्ष नरेन्द्र बराल, सदस्य याम खड्का, झापा सचिव यज्ञराज कार्की, सदस्य याम विष्ट लगायतको उपस्थिति रहेको थियो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

# 'गर्भावस्थामा थाइराइडको औषधी खाए बच्चा फुर्तिला'

झापा(प्रस) । नेपालमा पछिल्लो समयमा थाइराइडका बिरामी बढ्दै गएका छन् । एकिन तथ्याङ्क नभए पनि जनसङ्ख्याको १० देखि १५ प्रतिशतमा थाइराइडको समस्या भएको अनुमान गरिएको छ । पछिल्लो सयम अत्याधिक नुन, तनाव, असामान्य जीवनशैलीको कारणले गर्दा थाइराइडको समस्या बढ्दै गएको चिकित्सक बताउँछन् ।

थाइराइड, मधुमेह तथा हर्मोन रोग विशेषज्ञ डा.सन्तोष शाक्यले थाइराइडको समस्या पुरुषमा भन्दा महिलामा बढी देखिने बताए । नेपालमा १० जनामा थाइराइड देखिएमा नौ जना महिला र एक जना पुरुष हुने डा.शाक्यको भनाइ छ । उनका अनुसार यो समस्या नेपालका १८ देखि ३८ वर्षका कामकाजी महिलामा बढी छ । उनी भन्छन्, "महिलामा महिनावारी, गर्भावस्थामा, प्रसूतिको समयमा हर्मोन उतार चडाव हुने गर्छ । पुरुषको तुलनमा महिलामा तनाव बढी हुने हुँदा जीवनशैलीले हर्मोनलाई असर पुर्‍याउने गर्छ ।"

**थाइराइड भनेको के हो ?**

चिकित्सकका अनुसार थाइराइड ग्रन्थी घाँटीको अगाडि भागमा हुन्छ । यो ग्रन्थी पुतलीको आकारको हुने चिकित्सक बताउँछन् । यो ग्रन्थीले थाइरोक्सिन र ट्रायोडोथाइरोनिन नामक हर्मोन उत्पादन गर्छ । यो ग्रन्थीले हर्मोन उत्पादन गरी टाउँकोदेखि खुट्टासम्म पुर्‍याइ शरीरको मेटाबोलिज्म नियन्त्रण गर्ने काम गर्छ । थाइराइड हर्मोन उत्पादनको हिसाबले हाइपो थाइराइडिज्म र हाइपर थाइराइडिज्म भनेर दुई भागमा विभाजन गरिएको डा.शाक्य बताउनुहुन्छ । थाइरोइड ग्रन्थीले शरीरका लागि कम हर्मोन उत्पादन गर्ने प्रक्रियालाई 'हाइपो-थाइराइडिज्म' भनिन्छ । थाइराइड ग्रन्थीले शरीरलाई चाहिनेभन्दा बढी हर्मोन उत्पादन गर्ने प्रक्रियालाई 'हाइपर थाइराइडिज्म' भनिन्छ ।

**थाइराइड हुने कारण**

तनाव र खानपान, आयोडिनको कमी वा बढीले गर्दा थाइराइड हुने चिकित्सक बताउँछन् । प्रतिरोधी क्षमता (अटोइम्युन) मा गडबढ हुँदा, गर्भावस्थामा, वंशाणुगत कारणले गर्दा थाइराइड घटबढ हुने डा.सन्तोष शाक्यको भनाइ छ ।

ग्रन्थीको शल्यक्रिया गरेको, खराब जीवनशैली, मोटोपन, तनाव, टाउँको र घाँटीको क्यान्सर भएर रेडियोथेरापी गरेको, आयोडिन बढी भएको औषधीको सेवन गर्ने बिरामी, हर्मोनसम्बन्धी औषधी खाने मानिसमा थाइराइड हुने जोखिम बढी हुने डा.शाक्यको भनाइ छ ।

**थाइराइडका लक्षण**

चिकित्सकका अनुसार हाइपो थाइराइडिज्म र हाइपर थाइराइडिज्मका फरक फरक लक्षण देखिने गर्छन् । लक्षणका आधारमा थाइराइड भए नभएको पत्ता लगाउन नसकिने चिकित्सक बताउँछन् । थाइराइडका लक्षण अन्य रोगसँग मिल्दा जुल्दा हुने भएकाले रोग ढिला गरी पत्ता लाग्ने उनी बताउँछन् ।

वरिष्ठ फिजिसियन तथा हर्मोन रोग विशेषज्ञ डा.भोजराज अधिकारीका अनुसार थाइराइडले सबै अङ्गमा असर पुर्‍याउने भए पनि ५० प्रतिशत बिरामीको मृत्यु रोग नै पत्ता नलाग्दै हुने गर्छ । उनी भन्छन्, "चार पाँच वर्ष अगाडिसम्म शरीर सुनिएमा मुटुको वा मिर्गौला रोगले, शरीर गल्यो भने मानसिक रूपमा कमजोर भएमा मानसिक समस्याले महिनावारीमा अनियमित भएमा गाइनोको समस्या भनेर उपचार गराउँदा धेरै मानिसको थाइराइड पहिचान नहुँदै मृत्युवरण गर्न बाध्य थिए ।"

अधिकारीका अनुसार हाइपो थाइराइडिज्म हुँदा थकाइ लाग्ने, शरीर थाक्ने, गल्ने, आलस्य हुने, हातगोडा सुनिने, कपाल झर्ने, छाला सुख्खा हुने, खर्सो हुने, मोटाउँदै जाने, महिनावारी गडबढ हुने, निन्द्रा बढी लाग्ने, बाझोपनको समस्या उत्पन्न हुने, कब्जियत हुने जस्ता लक्षण देखिने गर्छ ।

हाइपर थाइराइडिज्ममा बिरामी दुब्लाउँदै जाने, पसिना बढी आउने, डाइरिया हुने, महिनावारी गडबढ हुने, हात काप्ने, मुटुको धड्कन छिटो छिटो बढ्ने, निन्द्रा नलाग्ने, चिडचिडापन हुने जस्ता लक्षण देखिने डा.अधिकारी बताउँछन् ।

**कसरी पत्ता लगाउने**

रगतको जाँच गरेर हर्मोनको मात्र जाँच गरेर थाइराइड कम बढी भएको पत्ता लगाउन सकिन्छ । अल्ट्रासाउन्ड, थाइराइड स्क्यान, निडल वायप्सी गरेर थाइराइडको पहिचान गर्न सकिन्छ । प्रतिरोधात्मक क्षमता कम भएर हो की अन्य कारणले थाइराइड भएको भनेर पत्ता लगाउन एन्टिवडि टेस्ट गरेर हेर्नुपर्छ ।

**थाइराइडले कुन कुन अङ्गमा असर गर्छ**

थाइराइडले शरीरका सम्पूर्ण भागमा असर पुर्‍याउने चिकित्सक बताउँछन् । उच्च रक्तचाप, मोटोपन, मधुमेह जस्ता दीर्घ रोग भएमा थाइराइडको जोखिम बढी हुने हुँदा वर्षमा एक पटक थाइराइडको अवस्था जाँच गर्न थाइराइड, मधुमेह तथा हर्मोन रोग विशेषज्ञ डा.अमित शाक्यको सुझाव छ ।

थाइराइडमा नियन्त्रणमा राखिएन भने बच्चा खेर जाने, सुस्त बच्चा जन्मिने सक्ने । त्यो बाहेक मस्तिष्कको कार्यक्षेत्रमा घट्ने, तौल घट्ने, दैनिक जीवनमा असर गर्ने जस्ता गम्भीर स्वास्थ्य समस्या देखिने डा.अमित शाक्य बताउँछन् । उनी भन्छन्, "शारीरिक, मानसिक विकासमा असर गर्ने, मानसिक समस्या नित्याउने, उच्च रक्तचाप बढाउने, घटाउने, पल्स घटाउने बढाउने जस्ता स्वास्थ्य समस्या निम्त्याउने गर्छ ।"

**के थाइराइडले बाँझोपन बढाउँछ**

थाइराइडको उपचार गरिएन भने बाझोपन ल्याउन सक्ने डा.अमित शाक्य बताउँछन् । चिकित्सकको सल्लाह अनुसार औषधी नियमित खाए थाइराइड नियन्त्रण गर्न सकिने डा.शाक्य बताउँछन् । उनका अनुसार यसको औषधी गर्भावस्थामा पनि खाना मिल्छ । गर्भावस्थामा भन्दा अगाडि थाइराइड पत्ता लागेमा अघिपछिको भन्दा बढी डोज आवश्यक पर्ने उनको भनाइ छ । यदि गर्भावस्थामा थाइराइडको औषधी खाएमा बच्चा फुर्तिलो र चनाखो जन्मने डा.शाक्य बताउँछन् ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।